"विविधतायुक्त गाउँ शहर, समृद्ध मेरो व्यास नगर"

# व्यास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दमौली, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

मितिः २०७७/०९/२२

## प्रेस विज्ञप्ति

व्यास नगरपालिकाको नियमित बैठक र भुमिहिन दलित, भुमीहिन सुकुम्बासी र अव्यवस्थीत बसोबास सम्बन्धी अभिमुखीकरण कार्यक्रम आज मिति २०७७/०९/२२ गते नगर प्रमुख श्री वैकुण्ठ.न्यौपानेको अध्यक्ष्यतामा सम्पन्न गरियो ।

**क) अभिमुखीकरण कार्यक्रमः**

नेपाल सरकारद्वारा गठित भुमिहिन दलित, भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरु लाई व्यवस्थापन गर्न गठित आयोगका तर्फबाट आज विहान व्यास नगरपालिका सभाकक्षमा नगरस्तरीय अभिमुखिकरण कार्यक्रम सम्पन्न गरियो। उक्त कार्यक्रममा केन्द्रिय आयोगका गण्डकी प्रदेशका प्रतिनिधि सदस्य श्री एक बहादुर रानाले अभिमुखीकरण गर्नु भएको थियो। कार्यक्रमको उदघाटन गण्डकी प्रदेश सभा माननीय श्री डोबाटे वि.कले गर्नुभएको थियो भने कार्यक्रमलाई विश्वासनिय एवं पारदर्शी बनाई वास्तविक सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा व्यवस्थापन तत्काल गर्नुपर्नेमा गण्डकी प्रदेश माननीय सांसद श्री सरिता गुरुङ, तनहुँ जिल्ला समन्वय प्रमुख श्री शान्तिरमण वाग्ले, उप-प्रमुख श्री पवित्रा पौडेल, व्यास नगर प्रथम नगर प्रमुख श्री ताराप्रसाद श्रेष्ठ, नेपाली कांग्रेस जिल्ला सचिव श्री विश्व वास्तोला, ने.क.पा व्यास नगर अध्यक्ष श्री श्रीराम कार्की, ज.स.पा नगर अध्यक्ष श्री अमर भण्डारी, रा.प्र.पा प्रतिनिधि श्री आइत सिंह घलेले जोड दिनुभयो। कार्यक्रममा व्यास नगर उप-प्रमुख श्री मीरा जोशीले स्वागत गर्नुभएको थियो भने कार्यक्रम सञ्चालन भुमि व्यवस्था इकाईका अधिकृत विमल गिरीले गर्नुभएको थियो। उक्त कार्यक्रममा प्रमुख प्रशासकिय अधिकृत, वडा नं १ देखी १४ सम्मका वडा अध्यक्ष, कार्यपालिका सदस्य, शाखा प्रमुख र वडा सचिव लगायतको सहभागिता थियो ।

**ख) नगरपालिका बैठकका निर्णयहरुः**

१) व्यास नगरपालिका प्रमुख प्रशासकिय अधिकृत श्री डिल्लिराम सिग्देल, शाखा प्रमुखहरु श्री नगेन्द्रराज रेग्मी, श्री राजु पौडेल, श्री कुमार कञ्चन जि.सी, श्री प्रमोद सोती, श्री राजेन्द्र कार्की, श्री मेघनाथ आचार्य, श्री रविन्द्रलाल मुल, श्री हेमन्त गुरुङबाट आ.ब २०७७/०७८ को कार्य प्रगति, समस्या र समाधानका विषयमा आ-आफ्नो शाखा अन्तरगतका विषयमा प्रतिवेदन प्रस्तुत गरी समिक्षा गरियो ।

२) सार्वजनिक निजी साझेदारी ऐनले दिएको अधिकार प्रयोग गरी नियमावली, २०७७ पारित गरियो ।

३) व्यास-०५ पर्यटकीय स्थल मानुङकोट देखि व्यास-०८ पुलिमर्याङ स्थित शहिद पार्क सम्मको चौंथो खुल्ला अल्ट्रा म्याराथन दौड २०७७/१०/१६ गते सञ्चालन गर्ने र उक्त दौड व्यवस्थापन गर्न उप-प्रमुख श्री मीरा जोशीको संयोजकत्वमा व्यवस्थापन समिति गठन गरियो ।

विशाल पण्डित
सूचना प्रविधि अधिकृत

४) आ.ब २०७७/०७८ को अर्ध बार्षिक प्रगति समिक्षा, आर्थिक ऐन, विनियोजन ऐनमा संशोधन लगायतका आवश्यक ऐनहरु पारित गर्नका लागि २०७७ माघ २७ गते विहान ११:०० वजे नगर सभाकक्षमा ३४ औं नगर सभा आह्वान गरीएको छ ।

५) नगरपालिका एवं वडा कार्यालयबाट सम्पादित जनमुखी सेवालाई जवाफदेहिता गहन गर्न एवं पारदर्शी बनाउने हेतुले २०७७ पौष २८ गते व्यास नगरपालिका सभा कक्षमा सार्वजनिक सुनवाई कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

६) व्यास नगरपालिकाका विभिन्न वडाहरुबाट न्यायीक समितिमा दिने उजुरी, म्याद तामेली, प्रति उत्तर दर्ता प्रकृया वडा मार्फत गराई, न्यायीक समितिको निर्णयानुसार सम्बन्धित वडामा मेलमिलाप कार्यलाई व्यवस्थित गर्न न्यायीक समितिलाई जिम्मेबारी तोक्ने निर्णय गरियो ।

७) व्यास नगरपालिका अन्तरगत संघ, प्रदेश र स्थानीय तहलाई आवश्यक पर्ने सरकारी, सार्वजनीक जग्गाको वडाबाट लागत लिई संरक्षण कार्यलाई व्यवस्थित गर्ने निर्णय गरियो ।

८) व्यास न.पा वडा नं ४,५,६,७,१० अन्तरगत पर्ने मादि नदिबाट ढुङ्गा, गिट्टी, बालुवा संकलन गरी बिक्रि गर्न २ पटक सम्म ३०/३० दिने सार्वजनीक सुचना प्रकाशित गर्दा समेत टेण्डर लाग्न नसकेको हुदाँ नगरपालिकाकै व्यवस्थापनमा आर्थिक ऐन, २०७७ अनुसार १ हप्ता भित्र घाट सञ्चालनमा ल्याउने निर्णय गरियो ।

९) व्यास नगरपालिका वडा नं ५ मानुङकोटमा गुरुयोजना निर्माण गर्ने चरणमा रहेकाले २०७७/०७/२३ को निर्णयले २०७७ पौष मसान्त सम्म जग्गा बिक्रि वितरण बन्द गरिएकोमा न्यूनतम ४ आना भन्दा कम नहुने गरी माघ १ गते देखी जग्गा बिक्रि खुल्ला गर्ने निर्णय गरिन्छ ।

..........................................
**विशाल पण्डित**
**सूचना प्रविधि अधिकृत**